# नेपाल गजेट

## नेपाल सरकारद्धारा प्रकाशित

काठमाडा पैाष ३० गते ०८ साल

भाग ४

## खाद्य तथा भूमि–व्यवस्थामन्त्रालयबाट जारी भएको इश्तिहार

०८।९।२४

नेपाल भरमुलुकका रैती दुनियाँ गैन्हके पुर्जी उपान्त लालमोहोर सनदपत्र भएको र सरकारिया अड्डामा दर्ता भएको समेत दुनियाँ गुठी, तिरुवा माफी जुनसुकै बिर्ता भए पनि सोर छाप ठेक्का छाप मानाचामल बेखमरोट, फीकदार, भत्तापेतीया, चौधराई, राज्यबिर्ता र बिर्ता भनी खाई आएको समेत इत्यादि गैन्हको भरमुलुकका बेख बिर्ता छाप मानाचामल भत्तापेतीया राज्यबिर्ता चौधराईवालाहरुको आफ्ना आफ्ना जग्गाको मदेश, पाहाड, नेपालको समेत आफ्ना आफ्ना भएभरको भनि छ, जम्मै देखिने गरी तपसीलमा लेखिएका ढाँचाबमोजिम फाराममा प्रष्ट खोली यो इश्तिहार टाँस भएको मितिले ३५ दिनभित्र नेपाल ४ मन्ज्याङभित्र बसेकाले बिर्ताखारेजी बन्दोबस्त अड्डामा र अरु पाहाड मधेशकाले ईलाका मालमा दरखास्तसाथ हुलाकद्वारा रजिष्टरी गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा आफैंले या आफ्ना मानिसद्वारा निस्सा हुनेले निस्साको नक्कलसमेत राखी खाई पाई आएको बेहोरासमेत प्रष्ट खोली लेखिएका म्यादमा दाखिल गर्नू, गराउनू र दाखिल गरेको निस्सा अड्डाबाट लिने गर्नू। लेखिएबमोजिम दरखास्तसहित फाँटवारी निस्सासमेत लेखिएका म्यादमा पठाउनुभएन भने तपाईंहरूको उजुर लाग्ने छैन। सो म्यादभित्र लेखाई देखाई नगरी वा दबाई छिपाई राखेको देखिएमा आदेशानुसार हुनेछ।

तपसील

अस़ामी

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| बिर्तावालको नाम थर | दर्जा | ठेगाना | पेशा | बिर्ताको किसिम | बिर्ता किनुवा वा बक्स पाएको |

| ७ | ८ | ९ | १० |
|---|---|---|---|
| बिर्ताको दर्ता नम्बर जिल्ला | बिर्ताको मुरी रोपनी बिगाहा | लिने तिरो नगदी जिन्सी | कैफियत |

टिप्पणी:—

(क) गुठी बिर्ता भए कुन किसिमको गुठी बिर्ता हो। त्यसको आयस्ताबाट के कति आजा पूजा र अरू काम गरी त्यसको बचोटले के काम गरि आएको छ, सो खुलाउने गर्नुहोला।

(ख) बिर्ताको आयस्ताबाहेक अरू आमदानी छ छैन? भए कुन किसिमको के कति आमदानी छ, सो आमदानीले आफ्ना कति निजायती मानिसलाई पालना गर्नुपर्छ, यथार्थ खुलाउनुहोला।

(ग) लेखिएबाहेक अरू कुनै बेहोरा भए सो पनि खुलाउनुपर्छ।

तथा मि व्यवस्थामन्त्रालय.

१२० - B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खाद्य तथा भूमि–व्यवस्थामन्त्रालयको विज्ञप्ति

०८।९।२०

जागीदारका खान्गी मालको दरले नगदी बुझ्ने बुझाउने बारे २००८।७।१२ मा गजेटमा प्रकाश भएबाट गुठी गुठीको रकमी पुजारी, बढारू, सुसारे, कुशले इत्यादिलाई ठेकिरको गुठी बालिमा पनि मोहीहरूले बाली तिर्न बुझाउनमा आलटाल गरी नबुझाएको बुझिएको; गुठी गुठीको लालमोहोर शिलापत्र तामापत्रमा खान्गी ठेकदार जग्गा नै ठेकिरहेकोले सो जग्गा ठेकिरहेको रकमीहरूले मोही लगाई खान पाउने भएबाट मालमा दरिएको जङ्गी निजामतीको खान्गी सरह भन्न नभएको, दोस्रो यो सालको बिर्तामा मोहीले साबिकैबमोजिम बाली तिर्ने गजेटमा प्रकाशसमेत भइसकेको हुनाले त्यस्तो गुठीका रकमीहरूको जग्गा कमाउने मोहीहरूले पनि साबिकबमोजिम जिन्सी नै तिर्नु, बुझाउनुपर्छ।

सेक्रेटरी—

खाद्य भूमि—व्यवस्थामन्त्रालय.

## खाद्य तथा भूमि–व्यवस्थामन्त्रालयको विज्ञप्ति

नेपाल पहाड मधेश रिपोर्टनिक्सारी अड्डाहरू अर्थमन्त्रालयमा गाभी मधेश मालनिक्सारी १, पहाड मालनिक्सारी १, फुटकर गुठीनिक्सारी १ समेत कायम भै अखत्यारीबमोजिम काम भै आएको भूमि व्यवस्थामन्त्रालयअन्तर्गत आएको र सो विभागको पुनर्निर्माण हुँदा लेखिएका निक्सारीहरूको नाम पहाड भूमि--व्यवस्था निक्सारी १, मधेश भूमि-व्यवस्था निक्सारी १, उपत्यका भूमि-व्यवस्था निक्सारी १ समेत नाम कायम गरी सो निक्सारीको कामहरूलाई साबिक भैरहेका अखत्यारीबमोजिम काम काज गर्ने गरी मधेशतर्फको मी. सु. वीरेन्द्रसिं बी. ए. र पहाडतर्फको ना. सु. कृष्णबहादुर औ ना. सु. केशवनाथलाई असिष्टेन्ट

९२१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डाइरेक्टरको पदमा र भूमि व्यवस्थामन्त्रालयको अखत्यारीबमोजिम काम काज गर्ने गरी डे. से. उमेश्वरलाललाई डाइरेक्टर जनरलको पदमा, यस मन्त्रालयलाई सुब्बा कुलप्रसादलाई असिष्टेन्ट सेक्रेटरी पदमा, श्रीमाननीय खाद्य कृषि तथा भूमि-व्यवस्था मन्त्रिजीबाट नियुक्त गरिदिनुभएको छ ।

सेक्रेटरी—

खाद्य भूमि— व्यवस्थामन्त्रालय.

## खाद्य तथा भूमि—व्यवस्थामन्त्रालयको विज्ञप्ति

बाँके बर्दिया जिल्लासम्म गाउँ मौजाहरू घुमी कृषि तथा प्रचलित भूमिव्यवस्था कानून र भूमिको आधारमा स्थापित भै राखेको किसान र मुकुमवासी र जिमीदार तथा जग्गाधनीको सम्बन्ध सरोकार र व्यवहारसम्बन्धी अवस्थाको अध्ययन जाँचबुझ गरी रिपोर्ट तयार गर्ने र रिपोर्टको आधारमा सरकारछेउ भूमिसुधार गर्ने सिफारिसहरू पेश गर्ने काम निमित्त एक कमिशन त्यस जिल्लामा पठाइएको छ । यो बर्दिया भूमि जाँच कमिशनले गाँउ मौजाहरू घुमी आवश्यक भेटघाट र जाँचबुझ गरी अब गर्नु पर्ने भूमिसुधारका विषय चाँडो राय ठहर गरी सरकारछेउ पेश गर्ने भएको छ । कमिशनका अध्यक्ष र सदस्य निम्न लिखित नियुक्त हुनुभएको छ ।

अध्यक्ष—डेपुटी सेक्रेटरी श्रीवासुदेव शर्मा

सदस्य— श्रीसर्वदेव शर्मा

मी. सु. श्रीरंगनाथ उप्रेती

कप. श्रीटेकबहादुर रायमाझी

गैर सरकारिया सदस्य—श्रीतीर्थबहादुर मापकोटा

सेक्रेटरी—

खाद्य भूमि—व्यवस्था मन्त्रालय

१०२१ - B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# खाद्य तथा भूमि–व्यवस्थामन्त्रालयको विज्ञप्ति

०८।६।१६

आदेशबमोजिम सूचित गरिन्छ कि बुटोल जिल्लामा भैरवा र तौलीहवाहरुमा सफा असल अगहनी चोखा सेतो मोटा एक लाख मन धान वा त्यसको ६५ पर्सेन्टले हुने चामल चाहिएको छ। कैलाली कञ्चनपुर जिल्ला इलाकाबाट सरकारले तोकिदिएको दरमा खुश खरीद गरी बोरा सुतरीसमेतको खर्च आफ्नै तर्फबाट लगाई बुटोल जिल्ला भरवा तौलिहवा इलाका खाद्यसङ्कट परेका एरियाभित्र जे जति चाहिने हुन्छ, सो ठाउँसम्म पुऱ्याई सरकारी नियन्त्रणमा रही २००८ साल माघदेखि जेष्ठसम्ममा बिक्री वितरण गर्ने मनसुवा हुने यस कामका अनुभवी साहू महाजनसमेतले तपसीलका कुरा प्रष्ट खुलाई २००८ साल पौष मसान्तसम्म खाद्यपरिषद् सिंहदरबारमा दाखिल भइसक्ने गरी डाँकमार्फत तुरुन्त लाहाछाप लगाई रजिष्टरी गरी टेण्डर भन्ने जनाई सील टेण्डर पठाउनुहोला र जसको दर किफायत र चाँडो राम्रो सजिलोसँग काम गर्ने कबूल देखिएला, उसैका साथ बन्दोबस्त गर्न विचार भै निकासा भएबमोजिम हुनेछ ।

तपसील

१. जिल्लामा खरीद गर्ने दर सरकारबाट तोकिनेछ। सो तोकिएको दरमा नघटाई खुश खरीद गरी कस्ती काँटा ढुवाई लोड अनलोड रेल मोटर इत्यादि भाडा मजुरी बोरा सुतरीसमेत आफ्नै तर्फबाट लगाई ल्याई बिक्री गर्ने धान चामलको खरीदी दरमाथि फी. मन के दरले थपी मोल लिने हो ?

२. धान चामल जे दिने हो २ मन कस्ती बोरा धानमा डेढ सेरभन्दा बढी फोगटा र चामलमा १ सेरभन्दा बढी धुलो कनिका भएको र सडे बिग्रेको समेत हुनु पनि हुँदैन।

422

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. ओ. टी. आर. बाट ल्याउन बाइगन पर्मिट निमित्त परराष्ट्रविभागलाई लेखी जानेछ । त्यसमा तत्तागिता पैरवी जो गर्नुपर्ने आफैंले गरी लिन र चलाई ल्याउन सक्नुपर्छ ।

४. मोटर लहरीबाट डुवाउनुपर्ने ठाउँलाई चाहिने पेट्रोल कन्ट्रोल —दरमा पाइनेछ ।

५. कबूलको धान वा चामल तोकिएका टायममा नल्याई बिक्री गर्न नसके हर्जाना नोक्सानीसमेत बुझाउनुपर्नेछ ।

६. टेण्डरवालाको नाम, थर, वतन र डेरा गरी बसेको भए सोसमेत स्पष्ट खुलाई लेख्नुपर्छ ।

७. कारवाई निमित्त चाहिएका खोजी हुनासाथ हाजिर हुन सक्ने भै रहनुपर्छ ।

८. सो धान चामल खरीद गरी ल्याउने बारे किफायत र सजिलो चाँडो हुन सक्ने मुनासिब कुरा अरू केही भए सो पनि खुलासा लेख्नुहोला ।

९. आवेदनपत्र विन्तिपत्र छापा लिफामा लेखिएको वा रु. १ को टिकट टाँसिएको हुनुपर्छ । सोबमोजिम भएको र म्यादभित्र आइपुगेका आवेदनपत्रमा मात्र कारवाई हुनेछ ।

१०. कैलाली कंचनपुर नवलपुर इलाकाको बोडर कुन कुन स्टेशनबाट कति कति मन ल्याउने हो, सो संख्या खुलाउनुपर्छ ।

११. सरकारलाई माथि लेखिएबमोजिमको धान चाहिने हो, तर कबूल गर्नेले सोही दरमा मसिनु धान वा चामल ल्याई बिक्री वितरण गरे पनि हुन्छ ।

सेक्रेटरी—

खाद्य तथा भूमि—व्यवस्थामन्त्रालय.

१२२ - B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# खाद्य तथा भूमि-व्यवस्थामन्त्रालयको विज्ञप्ति

०८।६।२३

कोशीको टप्पू जग्गा आबाद गर्न गराउने बारेमा पूर्व मधेश तराई सप्तरी जिल्लाअन्तर्गत कोशी नदीले कुन किसिमसँग आबाद गुलजार लहलहाउँदो आबादी जग्गा रेटी काटी बालुबुर्ज बनायो र बनाउँदै छ, यो जनतालाई बिदित भएको कुरा हो। कोशी नदीको यो विनाशकारी कामबाट हजारौं आबादकार रैती किसानहरू भूमिहीन भै उखडिएर उजडिए। आज यी उखडिएका बासिन्दाहरू एक रोटीका मुहताज भै धेरै विदेश पसे र जो कुछ बाँकी छन्, ती सुकुमबासीको रूपमा जग्गाको प्रचुरताको बिचमा जग्गाहीन भै दयनीय अवस्थामा परेका छन्।

पहिलेको राणा सरकारले जग्गाबाट उखडिएका, कोशीको मारमा परी घरबास छाडी भडकिएका रैतीहरू विदेश पस्ता पनि वास्ता नराखी बसोबासो फेरि गराउने तर्फ सोच विचार नगरी कोशीले छाडेका जग्गामा बस्ने मानिसहरूलाई बक्स दिने प्रथा निकाली प्राय यस्ता बालुबुर्ज जग्गा बक्स दिसकेको छ।

यो पनि ज्ञात भएको छ कि ती बालुबुर्ज जग्गा पाउनेहरूले पनि जग्गा लिएर पाएर मात्र सन्तोष गरिरहेका छन् र पाएका जग्गा आबाद गुलजार गरेका छैनन्। यस्तो हुँदा ता त्यस जग्गाका उखडिएका रैतीहरूलाई झन् झर्का परिरहेछ।

यसरी कमोद गर्न आबाद गर्न पाएको जग्गा आबाद नगरी त्यसै राखिछोड्नु पनि राम्रो कुरा होइन। यदि अरू कोही व्यक्ति अथवा तिनै त्यसै जग्गाबाट उखाडिएका घरजग्गा-विहीन भैरहेका रैती किसानहरू यस्ता बालुबुर्जा जग्गामा फेरि बसोबासो गर्छौं भनी अगाडि बढेमा त्यस्ता रैतीहरूलाई त्यस जग्गामा बसोबासो गराउन तर्फ सरकारले ध्यान दिनु सरकारको कर्तव्य हुन आउँछ।

जग्गाधनीहरूले आफूले पाएको बालुबुर्ज जग्गा आबाद गुलजार नगरी त्यसै राख्दा जग्गाको सुधार र उन्नति नभएपछि यस्ता टप्पू जग्गाधनीहरूलाई एक मुनासिबमाफिकको जग्गा आबाद गुलजार गर्ने हदम्याद तोकिदिन सरकार वाध्य हुनेछ। यो हदम्यादभित्र जग्गाधनीले आबाद गुलजार गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असमर्थ भएका टप्पू जग्गाहरूमा तब सरकारले सुकुमबासी रैतीहरूको बसोबासो गर्ने प्रबन्ध गर्ने तर्फ सरकारको ध्यान गैरहेकोले यस्ता टप्पूका जग्गाधनीहरूले आबाद नगरी चुपचाप बसिरहेका छन्, त्यस्ताको ध्यान सरकारले यो विज्ञप्तिद्वारा आकर्षित गरेको छ. उपरोक्त कुरालाई लिएर यस विषय जिल्ला गोश्वारा तथा जिल्ला मालसँग यस मन्त्रालयबाट लेखापढी भैरहेकोले यो विज्ञप्तिद्वारा यस विषय जनतालाई सूचना गरिएको छ।

सेक्रटरी-खाद्य तथा भूमिव्यवस्था मन्त्रालय.

## खाद्य तथा भूमि–व्यवस्थामन्त्रालयको विज्ञप्ति

०८।६।२२

नेपाल सरकारको बिर्ता उन्मूलन आयोजना अन्तर्गत बिर्ताखारेजी बन्दोबस्त अफिस खडा भै यस अड्डामा हाकिम सुब्बा श्रीकृष्णप्रतापभान जोशी नियुक्त हुनुभएको छ। बिर्ताखारेजी कामजति सबै यसै अड्डाबाट गर्ने र हुने भएको हुँदा सो विषयमा सरोकार पर्ने यससम्बन्धी निवेदनपत्र तथा लेखापढी सोही अड्डामा गर्नुहोला। यो बिर्ताखारेजी बन्दोबस्त अफिस सिंहदरबार ढोकाको बाहिरपट्टि बग्गीखानामाथि बसेकोले सर्वसाधारणलाई यो विज्ञप्तिद्वारा सूचित गरिएको छ।

सेक्रटरी—खाद्य भूमि—व्यवस्थामन्त्रालय.

## कृषि पशुपालन र नहरमन्त्रालयको सूचना

०८।६।२६

कृषिपरिषद्का सेक्रटरी गङ्गाविक्रम सिजापति डाइरेक्टर अफ एग्रिकल्चरको पोष्टमा ६।७।०८ मा नियुक्त हुनुभएको छ।

का. मु. सेक्रेटरी—कृषि पशुपालन र नहरमन्त्रालय.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

१२३ - B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।